# नगर प्रमुख श्री जिवलाल  खरेल जीवन द्वारा
# प्रस्तुत
# आर्थिक वर्ष २०७९।०८० को वार्षिक
# नीति तथा कार्यक्रम

मुसिकोट नगरपालिका वामीटक्सार, गुल्मी

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
# वामीटक्सार, गुल्मी ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. नेपालको संबिधान जारी भएपछि भर्खर दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई हामीले कार्यभार सम्हालेको यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । परिवर्तन, क्रान्ति, देश निर्माण, गणतन्त्र स्थापना गर्न विभिन्न क्षेत्रमा खट्नु हुने, राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरु प्रति सम्मान प्रकट गर्दछु ।

२. स्थानीय तह सदस्य निर्वाचन २०७९ मा यस नगरपालिकामा निर्वाचन सम्पन्न गर्नको निम्ति सहयोग गर्नु हुने मुख्य निर्वाचन अधिकृतको कार्यालय गुल्मी, बिभिन्न राजनीतिक दलहरु, जिल्ला प्रशासन कार्यालय एवं सम्पूर्ण सुरक्षा निकाय, नागरिक समाज, निजी क्षेत्र, साबिकमा निर्वाचित भई यस नगरपालिकामा योगदान पुर्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, निर्वाचन अधिकृतको कार्यालय, मुसिकोट नगरपालिका लगायत निर्वाचनमा खटिनुहुने सम्पूर्ण कर्मचारीहरु साथै स्वदेश एवं बिदेशमा रहनुहुने सम्पूर्ण मुसिकोट बासी महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

३. नयाँ जनादेश सहित स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, बिकास र सम्वृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन हामीलाई थप आधार प्राप्त भएको छ ।

४. बिगत दुइ वर्ष देखि महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) वाट सिर्जित विश्वव्यापी महामारी नयाँ भेरियन्ट सहित उत्पन्न असहज परिस्थितिका बिरुद्द महत्वपूर्ण कदमहरुको परिणाम स्वरुप हालका दिनहरु सहज हुँदै गएका छन् ।

५.यसै परिवेसमा आज म आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गइरहेको छु । कोरोना भाईरस संक्रमणबाट विश्व आक्रान्त भई चुनौतीपूर्ण दिनहरुमा सुधार भइरहेको अवस्थामा आजको दिनमा मुसिकोट नगरपालिकाको नगरसभाको अधिवेशनमा आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा उच्च वित्तीय र भौतिक प्रगतीको आकाङक्षा सहित यस अगाडि भए गरेका गतिबिधिका कारण आगामी दिनहरु सुखद हुनेछन भन्ने मैले बिश्वास लिएको छु ।

६. कोभिड -१९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । नेपालमा संक्रमण फैलन नदिन गरिएको बन्दाबन्दी बीचमा हाम्रो नगरपालिकामा संक्रमण उच्च रुपमा देखा परेको थियो र हालका दिनमा सामान्य भएको महशुस गरिएको छ । यस महामारीका कारण हाल एन्टीजेन टेस्टमा उच्च संख्यामा पोजीटिभ देखिएको र समुदाय स्तरसम्म फैलिइ सकेको कारण बिशेष सतर्कता अपनाउंदा अपनाउंदै पनि ११ जना नगरबासीले ज्यान गुमाउनु परेको तितो सत्य हाम्रो सामु रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । त्यस्तै २८ जनालाइ आइसोलेसन (Isolation) मा राखेर उपचार गरिएको थियो र ७ जना नगरबासीको यहां उपचार हुन नसकी अन्यत्र सिफारिस (refer) गरिएको थियो । हाम्रा अथक प्रयासहरुका कारण संक्रमण नियन्त्रण भित्रै रहेको ब्यहोरा यंहाहरुलाई अवगत नै छ । संक्रमण फैलिन नदिन नगरपालिकाका बासिन्दाहरु र बाहिरवाट आएका ब्यक्तिहरुलाइ आइसोलेसनमा राखि आवस्यक परिक्षणको व्यवस्था मिलाइएको थियो । यस्ता खालका विपद्को समयमा सवै पक्ष अत्यन्त संवेदनशिल रही मानव सेवामा जुट्न

मुसिकोट नगरपालिका वामीटक्सार, गुल्मी

आगामी दिनमा महत्वपूर्ण पाठ हामीलाई समयले सिकाएको छ। यस परिघटनाबाट स्थानीय सरकारको औचित्य पुष्टी भएको अनुभव हामीसंग छ।

७.नेपालको संविधानमा व्यवस्था भए बमोजिम गठित ७५३ स्थानीय तहहरु मध्ये मुसिकोट नगरपालिका स्थापना भई संविधानको एकल र संयूक्त अधिकारका सूचिमा भएका अधिकारहरुको व्यापक, समन्वयात्मक र प्रतिफलयुक्त अभ्यास गर्दै मुसिकोट नगरपालिकालाई समृद्धीको बाटोमा अगाडी बढाउने दृढ संकल्पका साथ निर्वाचित हामी जनप्रतिनिधिहरुले काम गर्ने अवसर पाइरहँदा यस अगाडीको स्थानीय सरकारले अगाडी बढाएका कामहरु पूरा गर्ने दायित्व समेत हाम्रो काँधमा आएको महशुस मैले गरेको छु।

८.उत्पादन, उत्पादकत्व वृद्धी, मानव पूँजी निर्माण, उद्यमशिलता विकास, दिगो विकास, विपद् व्यवस्थापन, सुशासन जस्ता विषयहरुमा हाम्रा कार्यक्रमहरु निर्देशित हुनेछन्। यसका निम्ती हाम्रो प्रथम आवधिक योजना (२०७८/०७९-२०८२/०८३) र मध्यमकालीन खर्च संरचना प्रमुख मार्गदर्शन हुन।

९. मुसिकोट नगरपालिकालाई समृध्दिको बाटोमा अगाडि बढाउनका लागि यस अवधिमा मुसिकोट नगरपालिकाले अगाडि सारेका नीति तथा कार्यक्रमहरु लागु गर्न सहयोग गर्नुहुने जनसमुदाय, संघ एवं प्रदेश सभाका मा. सदस्यज्यूहरु, सघं संस्थाका प्रतिनिधि साथीहरु, कर्मचारी, राजनैतिक कर्मी, शिक्षक, बुद्धिजिवी, व्यापारी, पत्रकार, सुरक्षाकर्मी सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

१०. भर्खरै सम्पन्न स्थानिय निर्वाचनवाट हामी निर्वाचित भई पदभार ग्रहणसंगै आगामी आ.व. २०७९/०८० को नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नु पर्ने यस परिस्थितिमा बिभिन्न पक्षहरुसंग सघन रुपमा प्रत्यक्ष अन्तर्क्रिया गरी रायसुझाव लिने र आगामी आर्थिक वर्ष २०७९/०८० मा तर्जुमा र कार्यान्वयन गरिने योजना र कार्यक्रमहरुका विषयमा औपचारिक कार्यक्रमहरु मार्फत पर्याप्त राय सुझावहरु समाबेश गर्ने कुरा समयको कमीको कारण संभव नभएकोले राय सुझाव लिने बिधिमा परिवर्तन गरी बिभिन्न पेशा ब्यवसायमा संलग्नभई स्वदेश एवं बिदेशमा रहनुहुने बिकासप्रेमी सम्पूर्ण मुसिकोट बासी महानुभावहरुवाट राय सुझाव माग गरेका थियौं। सो अनुरुप प्राप्त राय सुझावहरुलाइ यथासक्य समेट्ने प्रयास गरेका छौं।

११.कानूनी प्राबधान बमोजिम बिभिन्न गैरसरकारी संघ/संस्थाहरुले स्थानीय तहमा आफ्ना बिकास एवं आर्थिक गतिबिधिहरु संचालन गर्दा स्थानीय तहको बार्षिक कार्यक्रममा आफ्ना कार्यक्रमहरु समाबेश गर्नु पर्ने ब्यवस्था अनुरुप हामीहरुले सार्वजनिक सूचना जारी गरेका थियौं। सो अनुरुप प्राप्त कार्यक्रमहरुलाइ बार्षिक कार्यक्रममा समाबेश गरी कार्यक्रम संचालन गर्ने हाम्रो नीति रहि आएको छ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**श्रोत परिचालन**

१२. बित्तिय अनुशासनमा उच्च प्राथमिकता दिंदै र बित्तिय जोखिमका क्षेत्रहरु प्रति गम्भिर भइ सुधारात्मक कदमहरु चालिने छ। आन्तरिक स्रोत अति न्यून परिचालनको अवस्था रहेको सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्था हामी सबैलाई जानकारी छ। करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउंदा सम्वन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको सुझावसमेतका आधारमा विगत आ.व.हरुमा परिचालन गरिएका करका दायरा हरुलाई फराकिलो गर्दै कर तिर्ने नागरिक दायित्व पुरा गर्न अभिप्रेरित गरिने छ। प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिंदै पूंजि निर्माणमा उच्च प्राथमिकता दिइनेछ।

१३. सरकारी खर्चको कुशल व्यवस्थापनवाट सुशासनका आयामहरुको क्रियाशिलताद्वारा विकासका लक्ष्यहरु पुरा गरिनेछ। सो को निम्ती आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइने छ। सरकारी कोषको अधिकतम सदुपयोगमा हामी सचेत रहेको ब्यहोरा प्रतिबद्धता सहित ब्यक्त गर्न चाहन्छु।

१४. बित्तिय कुशलताद्वारा चालु खर्चलाइ कम गर्ने र पूंजिगत खर्च बढाउने र पूंजी निर्माण गर्ने कुरामा बिशेष ध्यान दिइने बिषय हाम्रो प्राथमिकताको बिषय हो । महालेखा परीक्षकको कार्यालयवाट अन्तिम लेखा परिक्षण हुंदा औंल्याइएका बेरुजुका बिषयमा स्थानीय तहहरुमा उच्च चर्चा हुने गर्दछ । स्वाभाबिक रुपमा बेरुजु हुनु राम्रो बिषय पक्कै पनि होइन । कार्यालयको खर्च गर्ने क्षमतामा बृध्दि गरी बेरुजुलाइ न्यूनिकरण गर्दै शुसासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाइ थप प्रभावकारी बनाइने छ । यसको निम्ती सूचना प्रबिधिलाइ अधिकतम र उच्चतम प्रयोग गरिने छ ।

१५.समृध्द नेपाल, सुखी नेपालीको राष्ट्रिय एजेण्डालाइ पूरा गर्न दिगो बिकासका लक्ष्यहरुलाइ बजेट तर्जुमा गर्दा ध्यान दिंदै दिगो बिकासका आधार स्तम्भ, लक्ष्यहरु एवं सूचकहरुको आधारमा दिगो बिकासका लक्ष्यहरुलाइ आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा बिशेष ध्यान दिइने छ ।

१६. नगरपालिकाको प्रथम आबधिक योजना (२०७८/०७९-२०८२/०८३) निर्माणको काम सम्पन्न भईसकेको अवस्थामा नगरपालिकाको दीर्घकालिन सोंच देहाय अनुसार रहने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छुः

"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार "

आबधिक योजनाले परिलक्षित गरेका क्षेत्रहरु र मध्यमकालिन खर्च संरचनाको मर्म अनूरुप हाम्रा श्रोतहरु परिचालित हुने छन् । नेपालको संबिधान, संघीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानून, स्थानीय श्रोत साधन लगायतका बिषय वस्तुहरु मुसिकोट नगरपालिकाका श्रोत परिचालनका प्रमूख आधारहरु हुन् ।

**सहकार्य र समन्वय**

१७. देशको संबिधानले परिकल्पना गरेको सार्वजनिक, निजी र सहकारीको माध्यमवाट आर्थिक गतिबिधिलाइ चलायमान बनाउने जुन सोंच छ, हाम्रो स्थानीय परिबेशमा निजी क्षेत्र सक्षम हुन नसकेको साथै सहकारी क्षेत्र बिकास अभियानमा जोडिन समय लाग्ने भएका कारण नगरपालिकाले आफ्ना गतिबिधिहरु संचालन गर्दा संघ, प्रदेश र स्थानीय तहहरु बीचको आपसी सम्वन्ध र समन्वय एवं सहकार्यको आधार माथि बिशेष ध्यान दिइने छ । बिकासका साझा बिषयहरुको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाइ प्राथमिकता दिइने छ । बिकास साझेदार संस्थाहरुसंगको सम्वन्ध सुमधुर बनाउन कुनै कसर बांकी राखिने छैन । बिकास साझेदार संस्थाहरुले यस नगरपालिकामा आगामी आ.व.२०७९/०८० मा लगानी गर्ने बिकासका गतिबिधिहरु बार्षिक कार्यक्रममा समाबेश गराउन बिशेष पहल थालि सकिएको छ ।

**आर्थिक विकास**

१८. स्थानीयस्तरमा उपलब्ध श्रोत र साधनहरुको अधिकतम उपयोग गर्दै स्थानीय स्तरमा रोजगारी बृद्धि गर्न स्थानीय अर्थतन्त्रलाइ सबल, गतिशील र समृद्ध बनाउनु स्थानिय सरकारको दायित्व बनेको छ । मुसिकोट नगरपालिकाको स्थानीय अर्थतन्त्रका प्रमुख अवयवहरुमा मुख्यतः कृषि, पर्यटन, बैदेशिक रोजगार, लघु-घरेलु उद्योग तथा ब्यापार क्षेत्रलाइ प्रवर्धन गर्न पर्ने आवश्यक देखिन्छ । नगरपालिका भित्र ठूला तथा मझौला औद्योगिक प्रतिष्ठान र उद्योग तथा ब्यवसायको बिकास भइ नसकेको अवस्थामा हालका आर्थिक क्रियाकलापहरु निर्वाहमूखी नै रहेको देखिन्छ ।

१९. हामीले देख्ने उद्यमशिलताको क्षेत्र भनेको कृषि नै हो भन्ने हाम्रो ठहर छः आवधिक योजनाले परिलक्षित गरेको सोंच **"आकर्षक कृषि र सम्मानित कृषक"** सहितको उद्देश्यमा व्यावसायिक कृषिको विस्तार गर्नु हाम्रो लक्ष रहेको छ ।

२०.यिनै बिषयवस्तुहरुलाई केन्द्रविन्दुमा राखी नगरपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहेको कृषि, पर्यटन, लघु-घरेलु उद्योग तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयवृद्धिका लागि विकास प्रयासलाई डोऱ्याउन आर्थिक विकासका पक्षहरु क्रियाशील रहने छन् ।

२१.पर्यटन बिकासको दिगो श्रोतको रुपमा मुसिकोटदरबार, मालिका मन्दिर, शालिमेदह, तल्लाफाँट सहिदपार्क, ग्वादीकाचौर खेलमैदान, थाम छत्रकोट, स्मालीथान पार्क, थुमपार्क पिकनिकस्थल, आँपचौर प्राविधिक शिक्षालय, स्वाँरा, दजाकोट र मालारानी होमस्टे लगायतका गौरवका योजनाहरु सँगै अन्य केहि ठूला र महत्वपूर्ण योजनाहरु पनि अगाडी बढीरहेका छन् ।

यि सम्पदाहरुको दिगोबिकासको लागि नगरपालिका सधैं क्रियाशील रहने कुरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

२२ कृषिमा विविधिकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक रुपमा विकास गरिनेछ । कृषिलाई सम्मान जनक पेशाको रुपमा रुपान्तरण गरी नगरपालिकामा विद्यमान शैक्षिक बेरोजगारीलाई कृषिमा आवद्ध गराउँदै यसको उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिइनेछ । कृषि उत्पादनमा हुने लाभ र लागत अनुमानको प्रभावकारी रुपले विश्लेषण गरी नगदे बालीको प्रवर्धन गरिनेछ । कृषि एम्बुलेन्सको माग भइरहेको अवस्था रहेकोले विभिन्न निकायसँग समन्वय राखी यसलाई प्राप्त गर्न विशेष पहल गरिने छ ।

२३.आर्थिक विकास र गरिबी निवारणका लागि संविधानले परिकल्पना गरेको तीन खम्वे आर्थिक नीति सार्वजनिक, निजी र सहकारिको माध्यमबाट आर्थिक गतिविधि सञ्चालन गरिने कुरालाइ महत्व दिइने छ । निजि क्षेत्रलाई लगानी गर्न आकर्षण सृजना गर्नुका साथै सहकारीहरुसँग भएको पुंजी परिचालनलाई विशेष प्राथमिकता दिइने छ ।

२४. हाम्रो स्थानीय अर्थतन्त्रलाई चलायमान वनाउन संघ र प्रदेश सँगको आवद्धतामा जोड दिईने छ । वैदेशिक रोजगारीमा आवद्ध जनशक्ति र बसाइसराइको तीव्र चापलाइ कम गर्न **"आफ्नै गाँउ फर्की आउँ"** प्रोत्साहन तथा सम्मान कार्यक्रम र हाम्रा बिकास अभियानमा सबैलाइ जोड्नको लागि **"पख्नोस तपाइको लागि हामी केही गर्दै छौं "** अभियान कार्यक्रम संचालन एवं यंही केही गरौं भन्ने भावनाको विकास गराउन सो अनुरुप मागमा आधारित क्रियाकलापमा जोड दिईने छ ।

२५.  भौगोलिक अवस्था र सिंचाइको उपलब्धता समेतको आधारमा फलफूल एवं कृषि र पशुपालन साथै अन्य तुलनात्मक लाभका वस्तुहरु उत्पादनहरुको लागि पकेट क्षेत्रको अवधारणालाइ निरन्तरता दिंदै थप बजेटको ब्यवस्था गरिने छ । उन्नत जातका विरुवाको उत्पादन गरी उत्पादकत्व वृद्धि गर्न **“बहुउद्देश्यीय नर्शरी निर्माण"** गरिने छ ।  खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिकहकलाई संघीय र प्रदेश सरकारको नीति अनुरुप व्यवहारिक रुप दिइने छ । किसानहरुको बजार पहुँच सुनिश्चित गर्दै विचौलियाहरुलाई निरुत्साहित गर्न हाटबजार संचालनलाइ निरन्तरता दिइनेछ ।

२६. कृषि क्षेत्रको बहुआयामिक बिकासको लागि संघ र स्थानीयतहको संयुक्त लगानीमा **"कृषि र पशु प्राबिधिक"** कार्यरत रहेका छन् । चालु आ.व. मा संघीय सरकारको माध्यमद्वारा **"भेटेनरी डाक्टर"** को ब्यवस्था हुने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

२७. संघीय सरकार र प्रदेश सरकारको नीतिसंग तादाम्यता कायमहुनेगरी नगरपालिका भित्र भूमि बैङ्क स्थापना गर्ने बिषय लाइ प्राथमिकता दिइनेछ । कृषिर/पशुपालनसंग सम्वन्धित उद्यम गर्न चाहने लघु-घरेलु तथा साना व्यवशायीलाई उक्त भूमी बैङ्कमा प्राप्त जग्गा सुलभ तरिकाले उपलब्ध गराउने नीति अख्तियार गरिने छ ।

२८.कृषि, स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग, पर्यटन प्रवर्धनसंग जोडिएको व्यवशाय, हस्तकला उद्योगलाई लगानीको अभाव हुन नदिन व्यवसाय ऋणमा सहुलियत पूर्ण कर्जा कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषि-यन्त्र, उपकरण, तथा प्रबिधि हस्तान्तरण कार्यक्रमलाइ  निरन्तरता दिइने छ ।

यसअघि विगत वर्षहरुमा नगरपालिकाबाट सिँचाई योजनामा काम गर्दा उपभोक्ताहरुले योजनाको लागत खर्चमा ४० देखि ५० प्रतिशत सम्म सहभागिता जनाउनै पर्ने बाध्यकारी अवस्था रहेकोमा त्यसलाई हटाएर किसानलाहरुलाई सिँचाई सुविधा मार्फत् कृषि उत्पादन बढाउने तर्फ प्रेरित गर्ने उद्देश्यका साथ आगामी आ.ब. देखि सिँचाई उपभोक्ताहरुको अनिवार्य सहभागिता २५ प्रतिशत मात्र हुने नीति बनाइएको छ ।

२९. आ.व.२०७९/०८० मा संघीय सरकारवाट उन्नत बीउ उपयोग, इपिडेमियोलजिकल रिपोर्टिङ  जस्ता महत्वपूर्ण कार्यक्रम संचालन हुने ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

३०.बेमौसमी तरकारी खेती उत्पादनका लागि प्लाष्टिक टनेल र प्लाष्टीक पोखरी कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।  उद्यमी महिला समूहलाई वीउ पूजी र प्रस्तावमा आधारित अनुदान रकम उपलब्ध गराउने कामलाई निरन्तरता दिइनेछ । प्रधानमन्त्री

कृषि आधुनिकीकरण कार्यक्रम, गुल्मीको लागत साझेदारीमा बीउ श्रोत केन्द्र स्थापना गर्ने कार्य गत आ.व. मा सम्पन्न भइसकेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

३१.नगरपालिका क्षेत्रको विकास तथा समृद्धिको लागि उद्योग तथा रोजगारी मुख्य मेरुदण्ड भएको कुरालाई आत्मसातगर्दै दक्ष जनशक्तिको निर्माण र रोजगारीको सिर्जना गर्ने कुरालाई नगरपालिकाले मुख्य आधारको रुपमा लिने छ । श्रमको सम्मान नै समृद्धिको आधार हो भन्ने कुरालाई मुसिकोट नगरपालिका क्षेत्रभित्रका युवाहरुमा स्थापित गरी युवाहरुलाई परिश्रम प्रति सम्मान गर्ने नीति लिइनेछ । आर्थिक हिसाबले सक्रिय जनसंख्यालाई उत्पादनमा जोड्नको लागि मुसिकोट नगरपालिकाका प्रत्येक वडामा **"एकवडा, एक पहिचान"** कार्यक्रम लाइ थप जोड दिइने छ ।

३२.नगरपालिकाको नगदे वाली र तुलनात्मक लाभको वस्तुको रुपमा पहिचान भएको **कफी खेती**लाइ नगरपालिकाको मुख्य बालीको रुपमा विकास गर्ने नीति लिइएको छ । कफीको जननी मुसिकोट नगरपालिकालाई राष्ट्रिय पहिचान दिन **"कफी लागाऔँ, आम्दानी बढाऔं"** कार्यक्रम संचालनको लागि बजेट ब्यवस्था गरिने छ । साथै संघीय सरकारवाट **"कफी सुपर जोन"** कार्यक्रमलाइ निरन्तरता दिइएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

३३ बालीनाली संरक्षणको लागि वन्यजन्तु विशेषगरी बाँदर र बँदेलको नियन्त्रणका लागि विशेषज्ञहरु झिकाई अध्ययन अनुसन्धान पश्चात आवश्यक क्रियाकलाप सञ्चालनगर्ने प्रक्रियालाई अगाडि बढाउने सोंच राखिएको छ ।

३४.तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी कृषकहरुको चाहना वमोजिम कृषि प्रणालीलाई व्यावसायिक बनाईने छ । स्थानीय उत्पादनबाट लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिने छ । उत्पादनलाई बढावा दिन पकेट क्षेत्र र ब्लक क्षेत्रको अवधारणालाई अगाडी बढाइ सकिएको छ ।

३५. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी वेरोजगारी कम गर्दै लगिने छ । व्यावसायिक पशुपालनमा विशेष गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक कृषि तालिम र बिशेष कार्यक्रमको व्यवस्था गर्ने कुरालाइ निरन्तरता दिइने छ । पशुपालक कृषकलाई पशु औषधी अनि तालिमलाई हाम्रो आवश्यकता अनुकूल बिकास गरिने छ । हाम्रो नगरपालिका अण्डा, मासु र दूधमा आत्मनिर्भर भइसकेको अवस्थामा उक्त वस्तुहरु निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ । आफ्नो उत्पादनलाइ बाह्य निर्यात गर्ने कृषकलाइ बिशेष सहुलियत दिने नीति लिइने छ । पशुपंक्षीको नश्लसुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिने प्रक्रिया अगाडि बढाई सकिएको छ ।

३६. सामूदायिक बिकासका लागि बाख्रा बिकास परियोजना **"HEIFER"** कार्यक्रम यस नगरपालिकामा बिगत वर्षमा संझौताभइ कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । यस कार्यक्रमले बिकासको आर्थिक आयाम मात्र नभएर सामाजिक आयामको रुपमा पनि महत्वपूर्ण भूमिका खेलेको हामीले महशुस गरेका छौं र सामाजिक परिचालन र सामाजिक ऐक्यबद्धतामा यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

३७. दुग्धपदार्थ एंव मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वच्छ र स्वास्थ्य सुधार गर्ने गरी **"मासु पसल तथा बधशाला सुधार कार्यक्रम"** संचालन गरिने छ । बाख्रामा खोर सुधार, गाई भैंसीमा गोठ सुधारलाई निरन्तरता दिइने छ ।

३८.आधुनिक उन्नत जातका गाई, भैसी, बाख्रापालन तथा माछा पालनमा जोड दिइने छ । कृषि र पशुपालन व्यवसायमा जोखिम न्यूनीकरण गर्नको लागि विमामा अनुदानको अध्ययन गरी प्रक्रिया अगाडि बढाउन पहल गरिने छ ।

३९.माहुरी पाल्न ईच्छुक कृषकहरुलाई चालु आ.व.मा जस्तो तालिम एवं अनुदानमा माहुरीका घार वितरणको कार्यक्रमलाई निरन्तरता दिईने छ । सम्भावना भएका उत्पादन बृद्धि गर्न मौरी, कफी र च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्याईने छ । कृषि क्षेत्रलाई बढावा दिन जमिन बाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गरिने छ । कृषि उपजहरुको बे-सिजनमा मूल्य पर्ने गरी कोल्ड स्टोर स्थापना गर्न आवश्यक पहल गरिने छ । यस क्षेत्रका उत्पादनहरुलाई प्रवर्धन गर्न बजार क्षेत्रमा स्टल राख्ने ब्यवस्थाको लागि आवश्यक पहल गरिने छ । बजार व्यवस्थापन अन्तर्गत माना, पाथी र किलोकाँटामा देखिएको अन्तरलाई बजार अनुगमनको माध्यमद्वारा समाधान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

मुसिकोट नगरपालिका, गुल्मी

४०.कृषकहरुलाई उत्पादन र उत्पादित वस्तुहरुको विक्रिको आधारमा आवश्यक सहयोगको ब्यवस्था गरिने छ। कृषिक्षेत्रको विकासको लागि माटो अनुकूल बनाउन माटो परिक्षणको आवश्यक व्यवस्था गरिने छ। कृषकहरुलाई कृषि सम्बन्धी एडभान्स तालिमको व्यवस्था गरिने छ। साथै तालिमहरुलाई समयानुकूल बनाईने छ। सम्भाव्य स्थानहरुमा सिंचाईको उचित व्यवस्था गरी सहकारी कृषिलाई बढावा दिईनेछ । यहाँको कच्चापदार्थ अन्यत्र लगी उत्पादन गर्ने पक्रिया लाई निरुत्साहित गरी **"मुसिकोटको सामान, मुसिकोटमा उत्पादन"** भन्ने कुरामा जोडदिईने छ। यसको लागि **"कृषि उपज बिक्री सुनिश्चितता कार्यक्रम" मा** आवश्यक बजेटको ब्यवस्था गरिनेछ।

४१. कृषि उपज बिक्री सुनिश्चितता कार्यक्रमको नियम कार्यविधि बनाई आगामी आ.ब. देखिनै किसानका लागि " कृषि उपज विनिमय बजार" संचालनमा ल्याइनेछ । साथै स्थानीय उत्पादनमा जोड दिई खाद्यान्नमा आत्मनिर्भर हुन कृषकहरुलाई प्रोत्साहन गर्ने र बाहिरबाट खाद्यान्न एवं तरकारीजन्य वस्तुहरु आयात गरिने कुरालाई निरुत्साहित गर्न सकिने विश्वास छ।

४२. १०० युवा उद्यमी सिर्जना गर्ने र वैंक/वित्तिय संस्थाहरुबाट त्यस निम्ति कर्जा प्रवाहको व्यवस्था सम्बन्धी हाम्रो प्रतिवद्धता पूरा गरिने छ।

४३. स्थानीयतहमा संचालित व्यापार/व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशिलतामा जोड दिइनेछ। निजिक्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी प्रोत्साहन गर्दै विकास गतिविधिमा जोड दिई कार्यक्रम अगाडी बढाईने छ।

४४. नगरपालिका भित्र रहेका सबै पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण तथा निर्माण कार्यलाई प्राथमिकता दिइने छ। पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नको लागि पर्यटनसँग सम्बन्धित सूचना, संचार तथा प्रचार प्रसार गरिने छ । मुसिकोट दरबार, सालिमेदह, मालिका मन्दिर, छत्रभूमी, शहिदपार्क, शिद्धेश्वर-कोटेश्वर गुफा, थुमपार्क, स्मालीथान पार्क, हिले, मठ मन्दिर, वडास्तरीय स्मार्ट मनोरञ्जन पार्क, जेष्ठ नागरिक पार्क, कृषि पकेट क्षेत्र, होमस्टे आदिको निर्माण र संरक्षण गर्दै पर्यटकीय सर्किट निर्माण गर्दै बढ्नको लागि संघ र प्रदेश सरकार समेतको लागत साझेदारी गर्न आवश्यक बजेटको ब्यवस्था गरिने छ।

४५.स्थानीयस्तरमा प्राप्त हुने श्रोत साधनहरुमा आधारित भएर स्थापना तथा संचालन हुने उद्योगहरु जस्तै, बाँसको मुढा निर्माण, खाद्यान्न प्रशोधन, वीउ उत्पादन तथा प्रशोधन, जडिबुटी प्रशोधन, खानेपानी प्रशोधन तथा उत्पादन लगायतका उद्योगहरुको बिकासका लागि **गरीबि निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (MEDPA)** संग जोडिने छ।

४६. उद्योगहरुको स्थापना र संचालनको लागि वित्तिय पूँजीको लागि बैंङ्क मार्फत आवश्यक ऋणको सिफारिस गर्ने व्यवस्था गरिने छ। नगरपालिका भित्र संचालित बैङ्कहरुले आफूले प्रवाह गर्ने कर्जाको निश्चित प्रतिशत रकम औद्योगिक ऋणको रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ।

४७.बैदेशिक रोजगारमा गएका युवाहरुलाई फर्किने बातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको बातावरण तयारी गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिने छ।

४८.कोभिड-१९ लगायत सबै प्रकारका महामारीले अर्थतन्त्रमा पार्न सक्ने क्षतीलाई न्यूनीकरण गर्न उत्पादनका कार्यमा लाग्नुपर्ने जरुरी देखिएको छ । बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाइ लक्षित गरि विना धितो कर्जा प्रवाह गरी युवाहरुलाइ स्वदेशमा स्वरोजगारका लागि प्रेरित गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ। यसको निम्ति प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम लगायत संघ र प्रदेश सरकारद्वारा स्थानीय तहलाइ लक्षित गरी संचालित कार्यक्रमसंग जोडिने छ।

४९.स्वारा होमस्टेलाई व्यवस्थित गरी व्यवसायिकीकरण गरिएको छ भने मालिका मन्दिर, मुसिकोट दरबार, सालिमे दहलाई संरक्षणगरी आन्तरिक तथा बाह्य पर्यटक प्रबर्धन गर्न सहयोग भएको छ । मुसिकोट दरबार, मालिका मन्दिर, सालिमेदह, तल्लाफाँट शहिदपार्क, स्मालिथान पार्कको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गरिएको छ । चालु आ.व. २०७८/०७९ मा मालिका मन्दिर, मुसिकोट दरबार, वामीकोट, छत्रकोट, सालिमेदहमा महत्वपूर्ण पुर्वाधारका कामहरु भएका छन्। आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा रहेको पर्यटन प्रवर्धनको लागि मुसिकोटमा रहेका महत्वपूर्ण ऐतिहासिक एवं

सामाजिक धरोहरको संरक्षण एवं सम्वर्धन गर्न बिशेष पहल गरिने छ । यसको लागि **"निर्मित सार्वजनिक सम्पत्तीको संभार"** नामक छुट्टै कोषको ब्यवस्था गरिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट र सूचिकृत बेरोजगार जनशक्तिको प्रयोग गरिने छ ।

५०. बडिगाड नदिमा राफ्टीङ/जलबिहार जस्ता पर्यटन क्रियाकलाप संचालनको लागि प्रदेश सरकारद्वारा आयोजना गरिने लगानी सम्मेलनमा निजी क्षेत्रलाइ लगानीको लागि आव्हान गर्न अवधारणापत्र पेश गरिएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । यसले गर्दा आन्तरिक एवं बाह्य पर्यटक आकर्षित हुने र प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना साथै स्थानिय अर्थतन्त्रलाइ चलायमान गराउने कुरामा बिश्वास लिन सकिन्छ ।

५१.सहकारीहरुको विकास गरी रोजगारी सृजना, उत्पादन वृद्धि र वितरणमा तिनको भूमिका बढाइने छ । स्थानीय सहकारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ । स्थानीयस्तरमा सञ्चालनमा रहेका वित्तीय संस्था तथा सहकारी संस्थाहरुको नियमन गरिने छ । सहकारी संस्थाहरुसंग रहेको पूंजीलाई नगरपालिकाको विकासमा लगाउन प्रोत्साहन गरिने छ ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**सामाजिक विकास**

५२.नेपालको संविधानले सामाजिक विकाससँग सम्बन्धित बिषयहरूलाई उच्च प्राथमिकता दिएको छ । संविधानको मौलिक हक अन्तर्गत प्राथमिक तहसम्मको अनिवार्य शिक्षा, माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, आधारभूत तहको स्वास्थ्य सेवा तथा पोषण सुबिधा, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरिएको छ । यसैगरी संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग र क्षेत्रका नागरिकहरुको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था रहेको देखिन्छ ।

५३.मुसिकोट नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक विकास योजनाको क्षेत्रगत योजनाका रूपमा सामाजिक विकास योजना व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिवृद्धिमा केन्द्रित रहेको छ । क्षेत्रगत योजना अन्तर्गत शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकूद र भाषा, कला तथा संस्कृती जस्ता उप–क्षेत्रहरू समेटिएका छन् ।

५४. **"गुणस्तरीय एवं व्यावहारिक शिक्षा" "गुणस्तरीय स्वास्थ्य सेवा तथा दिगो पोषण सुबिधामा पहुँच"** आवधिक योजनामा समाविष्ट सामाजिक बिकासका सोचहरु हुन् ।

५५.**"मानव क्षमताको आधार: शिक्षा"** भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरुप मुसिकोट नगरपालिकाको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिने छ । विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइने छ । मूख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चालु आ.व. २०७८/०७९ मा बिद्यालयहरुको रङ्गरोगन, घेराबार, बाल कक्षा सुदृढिकरण जस्ता गतिबिधिहरु सम्पन्नको चरणमा छन् ।

५६. बाल शिक्षा शिक्षिका, बिद्यालयका सहायक कर्मचारी तथा लेखा कर्मचारीले खाइपाइ आएको तलवमान बृद्धि गर्ने गरी चालु आ.व.वाट शुरु गरिएको कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

५७.गुणस्तरिय शिक्षाको लागि बिद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन" "बिद्यालय दिवा खाजा"** को कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

५८.सूचना प्रविधि मैत्री शिक्षा बनाउन पछिल्लो सूचनाको विकासलाई अवलम्वन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिने छ । विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामानहरुको समूचित व्यवस्था गरिने छ । शिक्षाको गुणस्तर अभिबृद्धि गरी नतिजा मूखी बनाइने छ । नैतीक शिक्षा, सहकारी शिक्षा, उद्यमशील शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिईने छ । मुसिकोटको आफ्नै स्थानीय पाठ्यक्रम निर्माणको काम चालु आर्थिक वर्षमा सुरुवात गरिएको छ । यसलाई निरन्तरता दिंदै पाठ्यक्रम निर्माण सिकाई विधि परिक्षण प्रणाली र शैक्षिक गुणस्तर एवं भौतिक व्यवस्थापनमा सुधार गरिने छ ।

मुसिकोट नगरपालिका, बामिटक्सार, गुल्मी

५९. शिक्षाबाट वञ्चित एवं पँहुच पुग्न नसकेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउने मूल नीति हाम्रो रहि आएको छ । बाल श्रम शोषण, बाल विबाह, बाल हिंसा एवं बाल दुर्ब्यवहार अन्त्य गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ । सरकारी एवं गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा बालमैत्री टोल, वडा हुंदै बालमैत्री नगर स्थापना गर्न आवश्यक पहल गरिने छ ।

६०. संघिय सरकारको नीति अनुरुप **"शिक्षालाई शिपसँग, शिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई वजारसँग जोड्न"** का लागि **"पढ्दै कमाउँदै"** कार्यक्रमलाई परीक्षणको रुपमा प्रयोग गरिने छ ।

६१. खेलकुद र स्वास्थ्यको सम्वन्ध स्थापित गर्न खेलकुदलाई उच्च प्राथमिकता दिइने छ । **"एक वडा - एक खेलकुद मैदान"** को अवधारणालाई विकास गर्दै ग्वादीकाचौर खेलमैदानलाई प्रतिस्पर्धात्मक खेलकुद आयोजना गर्नका निमित्त आकर्षित गरिने छ । यसै माध्यमबाट **"Sports Tourism"** को सोंचलाई विकास गरिने छ ।

६२. शिक्षा क्षेत्रको सरबत्तोमुखी बिकास एवं शैक्षिक गुणस्तर सुधारको लागि **"शैक्षिक गुणस्तर बिकास कोष"** नामक एक कोषको स्थापना गरिने छ ।

६३.बिद्यालयमा सूचना प्रबिधिलाइ प्राथमिकताकासाथ बिकास गर्न **"शिक्षक आधारभूत कम्प्यूटर तालिम"** र बिद्यालयमा बित्तिय सु-शासन कायम गर्न **"बिद्यालयका लेखापालहरुलाइ लेखा सम्वन्धी तालिम"** को लागि आवश्यक कार्यक्रम ल्याइने छ ।

६४. एक प्रा.बि. एक कम्प्यूटर/प्रिन्टर, नि.मा.बि. तहका बिद्यालयहरुमा इन्टरनेट जडान नगरपालिका अन्तर्गत रहेका बाल बिकासमा अध्ययनरत बिद्यार्थिहरुलाइ पुस्तक र खेलसमाग्री बितरण जस्ता कार्यक्रमलाई मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमसंग आवद्ध गरिने छ ।

६५. शैक्षिक क्यालेण्डर निर्माण, नगरस्तरीय प्रतिभा पहिचान, युवा लक्षित खेलकुद कार्यक्रम, अनाथ बालबालिका सहयोग, बाल बिकास मात्र संचालित बिद्यालयहरुको लागि मसलन्द खर्च, बिद्यालय अनुगमन जस्ता क्रियाकलापहरु शिक्षा क्षेत्रका हाम्रा प्राथमिताका क्षेत्रहरु हुन् ।

६६.स्वास्थ्यकर्मीहरुको वृत्तिविकास, क्षमता अभिवृद्धिमा ध्यान दिइनुका साथै स्वास्थ्य संस्थाहरुलाई आधुनिक र पूर्वाधारयुक्त बनाइने छ । वामी स्वास्थ्य चौकीलाई १५ शैयाको आधारभुत अस्पताल भवन बनाउने प्रक्रिया अगाडि बढीसकेको सन्दर्भमा आकश्मिक सेवा सहितको जनताको आवश्यकता अनुरुप अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । **"जिरो होम डेलिभरी"** स्थानीय तह घोषणा गर्ने नीति लिइने छ ।

६७.नेपाल संघीय संरचनामा प्रवेश गरीसकेको अवस्थामा स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सवैको पहुंचमा पुर्याउनु स्थानीय सरकारको मुख्य दायित्व हो । तसर्थ मुसिकोट नगरपालिकाले नगर भित्र गुणस्तरीय स्वास्थ्य सेवालाई सवै नागरिकहरुको पहुँचमा पुर्याउने नीति लिईने छ । नगरपालिकाले यस क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अपाङ्ग सबैलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गराई सवै लिङ्ग, क्षेत्र, आर्थिक रुपले विपन्न, शारीरिक अशक्तलाई स्वास्थ्य सेवामा प्राथामिकता दिने छ ।

६८. समुदायमा आधारभूत स्वास्थ्य सेवालाई सुदृढ गर्नको लागि महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा स्वास्थ्य आमा समूहलाई पुनर्जागरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ ।

६९. चौविसै घण्टा संचालित वर्थिङ्ग सेन्टरहरुको लागि आधुनिक डेलिभरी टेवलको वितरण, वर्थिङ्ग सेन्टरको लागि सोलार सिस्टम वितरण, मु.न.पा. १, थामडाँडा र मु.न.पा. ०८, वामीमैदानमा शहरी स्वास्थ्यकेन्द्रको स्थापना, आँपचौर स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरको स्थापना, वडा नं ०८, वामी मैदानमा यसै वर्ष बर्थिङ सेन्टरको स्थापना जस्ता स्वास्थ्य क्षेत्रमा केही महत्वपूर्ण उपलव्धी प्राप्त भएका छन् ।

७०.बिभिन्न स्वास्थ्य संस्थाहरुमा गरी ७ वटा एम्बुलेन्सहरु हाम्रा स्वामीत्वको रुपमा रहेकोमा एक वटा बडागाँउ स्वास्थ्य चौकीको एम्बुलेन्स अज्ञात ब्यक्तिद्वारा आगजनी भएको छ। सो को स्थानमा एक थान एम्बुलेन्स खरिदको ब्यवस्था मिलाइने छ। साथै एम्बुलेन्सको प्रभावकारी परिचालन गरी जनताको हितमा हुने गरी आवश्यक ब्यवस्था मिलाइने छ।

७१.प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्धन गर्न व्यवसायिक जडीबुटी खेतीलाई प्रोत्साहन गर्न सो को पहिचान र प्रयोगमा विशेष जोड दिईने नीति लिइने छ। नगरपालिकामा एक आयुर्वेद केन्द्र स्थापना गर्न संघिय सरकारसंग बिशेष पहल गरिने छ। अपायक वस्तीहरुमा स्वास्थ्य चौकीबाट घुम्ती स्वास्थ्य सेवा प्रदान गर्नेगरी नियमित रुपले आधारभुत स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित हुने व्यवस्था मिलाइनेछ।

७२. स्वास्थ्य संस्थाहरुमा औषधीको कमी हुन नदिन सो अनुरुप बजेटको ब्यवस्था र आपूर्ति ब्यवस्थालाइ प्रभावकारी बनाइने छ।

७३. **"गर्भवतीसँग उपप्रमुख कार्यक्रम"** प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ, साथै **"गर्भवती तथा सुत्केरी महिलाहरुको लागि नि:शुल्क एम्बुलेन्स सेवा"** लाइ निरन्तरता दिइने छ।

७४. कुर्घा स्वास्थ्य चौकीमा ल्याब स्थापना गर्न आवस्यक बजेटको ब्यवस्था गरिने छ र बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ।

७५.संस्कृति हाम्रो पहिचान हो । नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिकस्थल, मौलिक संस्कृती, प्राचीन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिई बजेट व्यवस्था र कार्यान्वयन हुनेछ । मुसिकोट दरवारको नामवाट नगरपालिकाको पहिचान झल्कीने हुंदा सोही अनुरुप मुसिकोट दरवारको पूर्वाधार निर्माणमा हामी जोड दिंदै आएकोमा यसको पहिचान झल्किने गरी बिकासको कामलाइ निरन्तरता दिन संघ एवं प्रदेशमा बिशेष पहल गरिने छ।

७६.बिकासको सामाजिक आयाम महत्वपूर्ण आयाम भएको र खानेपानी तथा सरसफाई कार्यक्रम अझ महत्व राख्ने आयाम भएकोले यसलाई नगरपालिकाले उच्च प्राथमिकताको रुपमा स्वीकार गर्दै दिगोखानेपानी अवधारणा अनुसार नीति अनुरुप संचालित खानेपानी योजनाहरुको लागि बजेटको सुनिश्चिता गरी एक घर एक धारामा जाने सबै योजनाहरुलाई दिगो खानेपानी सञ्चालन गर्ने नीति अनुरुप जनताले प्रत्यक्ष अनुभूत गर्ने गरी खानेपानी योजनाहरु कार्यान्वयन भइरहेका छन । चालु आ.व.२०७८/०७९ मा संघ, प्रदेश र स्थानियतहको बजेटवाट महत्वपूर्ण खानेपानीका योजनाहरु कतिपय सम्पन्न भएका छन् भने कतिपय योजनाहरु सम्पन्नको चरणमा रहेका छन्। चालु आ.व.२०७८/०७९ मा स्थानीय सरकार र संघीय सरकारको लागतमा **"एक घर, एक धारा"** साझेदारीमा महत्वपूर्ण पूर्वाधारका कामहरु सम्पन्न भएका छन्। **"एक घर, एक धारा"** को अभियान अन्तर्गत आगामी आ.व.२०७९/०८० मा सम्पन्नको चरणमा रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन पांउदा आफुलाइ गौरवान्वीत महशुस गरेको छु।

७७.खानेपानी तथा सरसफाई कार्यक्रमलाई नगरपालिकाको उच्च प्राथमिकताको रुपमा स्वीकार गर्दै दिगो खानेपानी अवधारणा अनुसार **"एक घर एक धारा"** नीति अनुरुप संचालित खानेपानी योजनाहरुको लागि बजेटको सुनिश्चिता गरिने छ। साथै एक घर एक धारामा जाने सबै योजनाहरुलाई दिगो खानेपानी सञ्चालन कार्यविधि अनुसार संचालन गर्ने नीति लिईने छ। सो अनुरुप तालिम साथै क्षमता बिकासका कार्यक्रम संचालन गरिने छ । खानेपानी उपभोक्ता समितिहरुले उपभोक्तालाई लगाएको खानेपानी सेवा शुल्क/मर्मत संम्भार शुल्क या महसुलमा उपभोक्ताले तिर्नुपर्ने न्युनतम (आधार) शुल्कमा मासिक २० प्रतिशत छुट पाउने गरी अनुदान उपलब्ध गराउने नीति लिइनेछ।

७८.पुराना कला साहित्य र संस्कृतिलाई संरक्षण र सम्वर्धन गर्न बिशेष सांस्कृतिक महोत्सव तथा मेलाहरुको आयोजना तथा प्रवर्धन गर्ने कार्यलाई निरन्तरता दिइने छ । ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक, भेषभुषा, उत्पादनमा प्रयोग हुने समाग्रीहरु आदि झल्किने गरी विस्तृत बस्तु चित्र सहितको नगर स्तरीय कार्यक्रमलाइ प्राथमिकता दिइने छ । विभिन्न जात जातिहरुसँग सम्बन्धित रितिरिवाज तथा परम्परा बमोजिमका लोक गीत, झ्याउरे गीत, भजन, घाटु, सराय, भैलो, नौमती बाजा, कौरा, सोरठी, घ्याम्पे नाँच, लाखे, जात्रा आदिको संरक्षण तथा प्रवर्धन गरिने छ। यसको निम्ती "**आदिबासी/ जनजाती तथा**

**दलित लक्षित परम्परागत सिप तथा संस्कृती संरक्षण कार्यक्रम" महिला तथा बालबालिका लक्षित कार्यक्रम, लैङगीक समानता तथा सामाजिक समाबेशीकरण कार्यक्रम,** आदी बिभिन्न कार्यक्रम अन्तर्गत बजेट ब्यवस्था गरिने छ। आदीवासी जनजाती सहितका विविध जातीय/सास्कृतिक पहिचानक प्रदर्शन/ अवलोकन गर्न संग्रहालय निर्माणका निम्ती अध्ययन गरिने छ।

७९. अपाङ्गता भएका व्यक्तिको लागि सामाग्री खरिदमा आगामी वर्ष पनि बजेटको ब्यवस्था गरिने छ । समाजमा जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जिउने बातावरण सिर्जना गरिनेछ। नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिने छ। अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लागि आवश्यकताका आधारमा सीपमूलक तालिम तथा सशक्तिकरण गर्ने नीति लिइने छ । अपाङगले संचालन गर्ने व्यवसायलाई अनुदान दिने सुलभ ऋणको लागि सिफारिस गरिने छ । लक्षित समूदायका बिषय सम्बोधन गर्न नगरस्तरिय सन्जाल बनाउने र समाज कल्याण समन्वय केन्द्र स्थापना गरी अति निम्न अवस्थाका समूदाय उत्थानका कार्यहरु गर्ने नीति लिइने छ।

८०. मुसिकोट नगरपालिकाको स्थायी बासिन्दाको कारणबस विदेशी भुमिमा मृत्यु भएको खण्डमा निजका परिवारका निकटतम सदस्यलाई राहत स्वरुप केही सहयोग गर्ने नीति रहने छ।

८१.नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आय आर्जनमा बृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानूनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरुको क्षमता अभिवृद्धिका लागि सीपमूलक, चेतनामूलक कार्यक्रम संचालन गर्न, बिकास अभियानलाइ माग र आवश्यकता अनुरुप गराउन सबै वडाहरुमा टोल बिकास समिति गठन तथा परिचालनको ब्यवस्था मिलाइने छ। आदिवासी जनजातिहरुको भाषा संस्कृती र भेषभुषा सम्बन्धी सशक्तिकरण कार्यक्रम संचालन गरिने छ।

८२.खेलकुद क्षेत्रको विकासका लागि खेलकुद मैदानहरुको निर्माण तथा खेलकुद प्रतियोगिताको आयोजना गर्ने काम मुसिकोटको प्राथमिकताको विषय हो । आ.व. २०७४/०७५ मा सम्पन्न मेयर कप खेलकुद प्रतियोगिता र तत्पश्चात सम्पन्न नगर स्तरीय अन्तर बिद्यालय राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता चालु आ.व.मा पनि सम्पन्न गरिएको र आगामी आ.व.मा पनि निरन्तरता दिईने छ । ग्वादिकाचौर खेल मैदानलाइ पूर्वाधारयूक्त बनाइने छ । उक्त ठाउँमा कभर्डहल निर्माणको काम चालु आ.व.मा सम्पन्न भएको छ । प्रदेश सरकारसंगको लागत साझेदारीमा वामीटक्सारमा पनि एक कभर्ड हल निर्माण गर्न आवस्यक बजेटको ब्यवस्था गरिने छ । नगरपालिकामा युवा तथा खेलकुद परिषद गठनको व्यवस्था मिलाई त्यस मार्फत रचनात्मक युवा क्रियाकलाप अगाडि बढाइने छ।

८३.नदी किनाराका कुमाल वस्ती, लेक–बेसी क्षेत्रका मगर वस्ती, गुरुङ्ग, वस्ती, स्थानीय बजार क्षेत्रका नेवार वस्ती र यत्रतत्र रहेका ब्राहमण, क्षेत्री, ठकुरी, दशनामी, दलित समुदाय समेतको मिश्रित जनसंख्या, तीनका विभिन्न थर र उपजातीले सिंगारिएको मुसिकोट नगरपालिका भित्र तत् तत् चाडपर्व रीतिरीवाज, भेषभुसा र साँस्कृतिक चालचलन संरक्षित छन्। मारुनी, सोरठी, घाटु, झाम्रे, लाखे, दोहोरी, भजन, कीर्तन र सरायँसहितका विविध नांचगानले रङ्गीन हाम्रो समाज साँस्कृतिक सम्पदाले पनि धनी छ। सालिमे आश्रम, छत्रभुमी, देउराली, मालिका, इष्मालीथान, अकलादेवी मुसिकोट ४, थुम देउराली, पँधेरा शिवालय, राधाकृष्ण मन्दिर, ब्रहम कुमारी आश्रम र सिद्धेश्वरी–कोटेश्वरी गुफा जस्ता यहाँका स्थानीय तिर्थस्थलहरुलाई लक्षित गर्दै र विविध धर्माबलम्बीका मठ–मन्दिर, गुम्बा, मार्फत हुने पुजा–प्रार्थना र रहनसहनलाई एकताबद्ध बनाई सांस्कृतिक विकासका विविध क्रियाकलापहरुलाइ प्रबर्धन गर्ने कार्यलाइ प्राथमिकता दिइने छ। यसको निम्ती बिभिन्न शिर्शकमा बजेटको ब्यवस्था गरिने छ।

**भौतिक पूर्वाधार बिकास**

८४. सोच

"एकीकृत, सुलभ, सुरक्षित र उत्थानशील आवास, बस्ती विकास एवम् व्यवस्थित शहरीकरण"

"सुलभ, सुरक्षित, गुणस्तरीय, वातावरणमैत्री र दिगो सडक पूर्वाधार र सघन अन्तरआवद्धता"

"सूचना तथा सञ्चार प्रविधि आधारित सेवा प्रवाह तथा विद्युतीय सुशासन"

"भरपर्दो, किफायती र स्वच्छ उर्जाको उपलब्धता र दिगो उपयोग"

८५. नगर क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ। पूर्वाधारको विकासवाट नागरिकहरूमा अन्तर आवद्धता विस्तार भई आवागमन, बजार, सेवा सुबिधामा सहज पहुँच विस्तार भइ विकास नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ।

८६.दिगो बिकासको लक्ष्य अनुरुप विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईने छ। यस नगरपालिकाको सडक सञ्जाल ब्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नति गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ। **"हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता"** अनुरुप नगरपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई जोड दिईने छ।

८७.विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति दीगो विकासका लक्ष्यहरुतर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइने छ।

८८. मुसिकोट नगरपालिकाका सबै बस्तीलाई सडक सन्जालले जोड्ने परिकल्पना गरिएको र मुसिकोटको गौरबको रुपमा रहेको नगरपालिकाका वडा नं १, २, ३ र ४ समेट्ने भन्ज्याङ-हांडीखोला-पौंदी अमराइ सडक स्तरोन्नति र ५,६,८ र ९ समेट्ने खर्वाङ – धुमी – मालीका – स्वांरा – मालारानी जोड्ने मोटरबाटो निर्माण जस्ता सडकको लागि आवश्यक बजेटको ब्यवस्था गरिने छ।

८९.नगरपालिका क्षेत्र भित्र संचालन हुने यात्रुबाहक सवारी साधन र अन्य सवारी साधनहरु नियमित र व्यवस्थित गरिनुका साथै सडक संजाललाई नियमित गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम, सडक बोर्ड नेपाल र नगरपालिकाको आफ्नै श्रोत परिचालन गरिने छ।

९०.वातावरणीय प्रभावहरुको मूल्याङ्कन गरी सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नति गर्दै लगिने छ। सडकको स्तरोन्नतिका लागि सम्बद्ध सबै निकायसँग समन्वय गरिने छ। आवश्यक स्थानमा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइने छ। नगरपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नालीको व्यवस्था गरी बर्षायाममा समेत ग्रामीण यातायातको सुनिश्चितता गरिने कामलाइ मर्मत संभार कोष मार्फत प्राथमिकता दिइने छ।

९१. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम जस्ता विकास गतिविधिहरु संघीय सरकार र प्रदेश सरकारद्वारा स्थानीय सरकारको विकास गतिविधिहरु संचालन गर्न प्राप्त कार्यक्रम भएकोले हाम्रो आवश्यकता र वस्तुस्थिति अनुरुप प्रचलित कानून बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। प्रधानमन्त्री रोजगार कार्यक्रममा अधिकतम बेरोजगार ब्यक्तिहरुलाइ सुचिकृत गर्न प्रोत्साहन गरिने छ। नगरपालिकामा ठेकेदार कम्पनीवाट सम्पन्न गरिने योजनाहरुमा सूचिमा परेका ब्यक्तिहरुलाइ काममा लगाउनु पर्ने कुरालाइ कानून बमोजिम कार्यान्वयनमा जोड दिइने छ।

९२.पूर्वाधार विकासका काममा र निर्मित सार्वजनिक सम्पत्तीको संरक्षण गर्न युवा र महिलाहरुलाई कामकालागि पारीश्रमिकमा आधारीतभई आकर्षित गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ।

९३. नगरपालिका क्षेत्र भित्र निर्माण हुने आवासीय तथा व्यावसायिक भवनलाई व्यवस्थित गर्न घर/नक्शा पास सम्बन्धी कार्यविधि तयार तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय भवन संहिता र भवन, योजना तथा बस्ती विकास आधारभूत मापदण्ड र घर/नक्शा पास सम्बन्धी कार्यविधि अनुसार १८ वटा नीजि घरको नक्शापास भएको र ८१ पुराना घरको अभिलेखीकरण सम्पन्न भएको छ ।

९४.परिणाममुखी  बिकासको लागि योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्याङ्कन विधिलाई चुस्त र नतिजा मुखी बनाईने छ र अनुगमनको पनि अनुगमन गर्ने कार्यको शुरुवात गर्ने महत्वपूर्ण कामको शुरुवात गरिने छ ।

९५. निर्मित सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न बजेटको ब्यवस्था गरिने छ । सडक लगायत निर्मित सार्वजनिक सम्पत्तीको संभार एवं मर्मतसंभारको लागि एक मर्मतसंभार कोषको साथै बजेटको ब्यवस्था गरिने छ । आकस्मिक सडक मर्मत गर्न अवरुद्ध सडक संचालन गर्न यही कोषको परिचालन गरिने छ ।

९६.नगरपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्ग मैत्री तथा वातावरण मैत्री संरचना निर्माणमा जोड दिने विषयलाई निरन्तरता दिई कार्यान्वयन गरिने छ ।

९७. नगरपालिका केन्द्रमा आफ्नो स्वामित्वमा रहेको र जग्गा प्राप्तीवाट खरिद भएको करिव १२ रोपनी जग्गामा बोलपत्र आव्हान भइ प्रशासकीय भवन निर्माणको काम अगाडि बढेको र आगामी आ.व.को मंसिर महिना सम्ममा निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ, सोही अनुरुप कार्यालय सञ्चालन गर्न आवश्यक फर्निचर एवं फर्निसिङको लागि आवश्यक वजेट व्यवस्था गरिने छ ।

९८.गरपालिकामा गत आ.व.मा एक वटा हेलीप्याड (वडा नं.७) निर्माणभई सकेको छ । अन्य वडाहरुमा पनि आवश्यकता अनुसार हेलिप्याड निर्माण कार्यलाई प्राथमिकता दिईने छ ।

९९. नगरपालिकावाट निर्मित तथा वडाहरुबाट प्राप्त सम्पुर्ण योजनाहरुको परियोजना बैंक तयार गरिने कार्यलाई सुरुवात गरिने छ । नगरपालिकाको योजनावद्ध विकासको लागि प्रथम आवधिक योजना (आ.व.२०७८/०७९-२०८२/०८३), मध्यमकालिन खर्च संरचना वनाउने काम चालु आ.व.मा सम्पन्न भएको सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । साथै अबका हाम्रा बिकास गतिबिधिहरु सोही अनुरुप गर्नु पर्ने ब्यहोरा पनि यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

१००.नगरपालिका भित्र मुसिकोटको मुकाम स्थित वामीटक्सारमा सघन सहरी विकास कार्यक्रम अन्तर्गत पुर्वाधार युक्त मुकाम निर्माण गर्न सम्भाव्यता अध्ययन भई डि.पि.आर.को काम संघिय सरकार अन्तर्गत डिभिजन सहरी विकास कार्यालय मार्फत प्रक्रिया अगाडी वढेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

१०१.पहिचानको रुपमा नगरपालिकाको केन्द्र र अन्य वडाहरुमा आवश्यकता पहिचान गरी बसपार्कको लागि जग्गा प्राप्ती गर्न बिशेष पहल गरिने र पूर्वाधार निर्माणको लागि प्रक्रिया अगाडी बढाइने छ । वामीटक्सारपार्क, जेष्ठ नागरिक विश्राम तथा मनोरञ्जन पार्क, उद्योगग्राम, डम्पिङ साइड र फोहोर संकलन केन्द्र, प्रत्येक वडामा बगैचा, पोखरी, प्रतिक्षालय, पैदल मार्ग भएको कम्तिमा एउटा स्मार्ट मनोरञ्जन पार्क निर्माणको काम मुसिकोटका प्राथमिकताका बिषयहरु हुन् । श्रोत साधनको लागि संघिय सरकार एवं प्रदेश सरकार संग बिशेष पहल गरिने छ ।

१०२.नगरपालिकाभर ५० प्रतिशत जनसहभागिता जुटाई सिंचाई गर्नका लागि कुलोहरु निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने काम प्राथमिकताका साथ अगाडी बढाई सकिएको छ । सिंचाइको निम्ती महत्वपूर्ण योजनाहरु कार्यान्वियन गर्न आवस्यक बजेटको ब्यवस्था गरिने छ ।

१०३.नगरपालिका भित्रका सार्वजनिक, पर्ति तथा ब्यक्तिगत जग्गा बाहेकका जग्गा अतिक्रमण हुन नदिने र भएको भए त्यसलाइ सुरक्षित गर्न उपयूक्त नीति अवलम्बन गरिने छ ।

१०४.यस नगरपालिका भित्र रहेका भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गता मैत्री बनाउने नीति लिइनेछ ।

१०५.संघिय समपुरक, प्रदेश समपुरक, लागत साझेदारी, मर्मत संभार कोषको लागि आवश्यक बजेटको ब्यवस्था मिलाइने छ ।

१०६. प्रशासकिय भवन सम्पन्नको चरणमा रहेकोले सो को फरफारकको लागि अनिबार्य दायित्व अन्तर्गत आवश्यक बजेटको ब्यवस्था मिलाइने छ, त्यस्तै चालु आ.व.मा सम्पन्न हुन नसकेका सभाहल र थुमपार्क पर्यटकिय स्थल निर्माण सम्पन्न गर्न आवश्यक बजेटको ब्यवस्था मिलाइने छ ।

१०७. पूर्वाधार निर्माणको लागि इक्यूपमेन्ट खरिद र प्राबिधिक ल्याब स्थापना गर्न आवश्यक बजेट ब्यवस्था गरिने छ ।

१०८. बिद्युत आपूर्ति लाई भरपर्दो बनाउन नगरपालिकाको मुकाम लगायत अन्य बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिएको र बिस्तार हुन नसकेका अन्य वस्तीहरुमा पनि राष्ट्रिय प्रशारण लाईनको विस्तार लाइ थप निरन्तरता दिइने छ । सामूदायिक ग्रामिण बिद्युतिकरण तर्फ प्रणाली सुदृढिकरण र क्षमता अभिबृद्दि गर्ने कार्यलाइ प्राथमिकता दिइने छ । नगरपालिका भित्र रहेका सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत गर्दै ग्रीडिङ, विद्युत प्राधिकरणसँग समन्वय गरी विक्रीको सुनिश्चित गर्ने काम अगाडी बढाउन बिशेष पहल गरिने छ ।

१०९. उज्यालो नगरपालिका अन्तर्गत बैकल्पीक उर्जाको माध्यमवाट सौर्य सडक बत्ति जोड्ने कामलाइ चालु आ.व.मा कतिपय वडाका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको र आगामी आ.व.मा पनि सौर्य सडक बत्ती जडानलाइ निरन्तरता दिइने ट । यस लाइ थप बिस्तार गर्न बैकल्पीक उर्जा प्रबर्धन केन्द्रसंग समन्वय गरिने छ ।

११०.सुरुका दिनमा नगरपालिकाद्वारा खरका छाना मुक्त कार्यक्रम अन्तर्गत अधिकांस जनताको घरमा जस्तापाताबाट खरका छाना मुक्त गरिएको, तत्पश्चात संघिय सरकारबाट सुरक्षित नागरिक आवास अन्तर्गत खरका छाना मुक्त कार्यक्रम अगाडी वढाईएकोमा चालु आर्थिक वर्षमा नै मुसिकोट नगरपालिका खरका छाना मुक्त नगरपालिकको नजिक पुगिसकेको र आगामी आ.व. २०७९/०८० मा खरका छाना मुक्त नगरपालिकाको घोषणा गरिने छ ।

**वातावरण तथा बिपद्ब्यवस्थापन सम्वन्धी**

१११.नेपालको संविधानको अनुसूची–८ मा विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । प्राकृतिक वातावरणमा विश्वव्यापीरूपमा विनाश हुँदै गएका कारण मुसिकोट क्षेत्र पनि प्रभाबित भईरहेको सन्दर्भमा यसलाई न्यूनीकरण गर्न प्रभाबकारी वन, वातावरण तथा विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्नु समयको माग भएको छ ।

११२.दिगो विकासका १७ वटा लक्ष्यमध्ये १० वटा र ६९ वटा मुख्य सूचकमध्ये २५ वटा सूचक विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपले सम्बन्धित रहेका छन् ।

११३.बडिगाड नदिको पूर्व पश्चिम गरी दुइ दिशामा फैलिएको मुसिकोट नगरपालिका,निस्ती, छल्दी र दरम सहितका सदाबहार खोलानाला-नदी र बनजगल यहांका पहिचान हुन् । मुसिकोट नगरपालिकामा प्रसस्तै मात्रामा जल सम्पदा रहेकोले नगरको समृद्धिका लागि हामीसँग भएको जल सम्पदाको अधिक उपयोग गर्दै जलविद्युत, पर्यटन तथा पर्यावरणीय विकास र ठूला सिँचाई परियोजना निर्माणका लागि आवस्यक योजना निर्माण गरि कार्यान्वयनमा लैजान आवश्यक छ ।

११४.नदीहरुको वैज्ञानिक उत्खनन गरी संकलित नदिजन्य पदार्थको उपयोग गर्ने, समयमै **IEE** गर्ने समेत ठेक्का वन्दोवस्त र राजश्व असुलिमा विशेष ध्यान दिइनेछ ।

११५.वातावरण संरक्षणमा कृयाशिल सामाजिक व्यक्तित्व, संस्था वा समूहको श्रम सहयोगमा वृक्षारोपण, वन नर्सरी, पदमार्ग, पोखरी तथा चौतारी निर्माण तथा भू–संरक्षणका लागि विशेष व्यवस्था गरीने छ । वनजंगल, जलाधार क्षेत्रको उचित संरक्षण गर्न ती क्षेत्रको अतिक्रमण रोक्नुका साथै अवैध निकासी पैठारी नियन्त्रणका कार्यक्रम संञ्चालन गरिने छ । सार्वजनिक महत्वका पोखरी निर्माण र संरक्षण, नदि–खोला तटबन्ध र भल व्यवस्थापन, बाटीका निर्माण र भू–संरक्षण, चौपारी निर्माण र बृक्षारोपण गर्ने समुदाय, संस्था, समूह (व्यक्तिसमेत) लाई आवश्यक निर्माण सामाग्री दक्ष मिस्त्री तथा प्राविधिकको सेवा उपलब्ध गराई वातावण संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा साझेदारी मार्फत व्यापक सहयोग दिने नीति अवलम्बन गरिने छ ।

११६. बिभिन्न गतिबिधिहरु जस्तैः बिपद् ब्यवस्थापन कोष, डम्पीङ साइट जग्गा प्राप्ती, फोहरमैला ब्यवस्थापन/प्रशोधन, बृक्षारोपण अभियान (Bio-Engineering), चौपारी/पोखरी/धारा र ट्रस निर्माण, वन उपभोक्तासंग अन्तरक्रिया लगायतका

मुसिकोट नगरपालिका, गुल्मी

गतिबिधिको कार्यान्वयन गर्न आवश्यक बजेटको ब्यवस्था गरिने छ । खाद्य बैंकको स्थापना तथा ब्यवस्थापन, लत्ताकपडा बैंकको स्थापना र ब्यवस्थथापन यस अन्तर्गत कार्यान्वयन गरिने छ ।

११७.भू-क्षयवाट अति प्रभावित क्षेत्रको पहिचान सहित सो नियन्त्रणको लागि नगरपालिकाको आफ्नै पहल एवं संघ र प्रदेश सरकारसंगको सहकार्यमा कार्यक्रम अगाडी बढाइने छ । यसको लागि आवश्यक तार/जाली, ह्युमपाइप तथा पोलीपाइप खरिद्को आवश्यक ब्यवस्था मिलाइने छ। वडा नं ०१ स्थित फुस्रे पहिरो लगायत वडा नं ०२ का भू-क्षय प्रभावित ठाउँहरु, ५ नं. को आँटियार र अन्य जोखिम क्षेत्रहरुको पहिचान गरी बायो इन्जिनियरिङ प्रबिधि मार्फत भू-क्षय रोक्ने कार्यमा बिशेष पहल गरिने छ।

११८. विकास र वातावरण वीच सन्तुलन कायम गर्ने नीति लिईने छ । वनको वैज्ञानिक व्यवस्थापन गरी आय वृद्धि जिविकोपार्जनमा सुधार, वातावरण संरक्षण गर्दै वनविनाश तथा वन क्षेयिकरण न्यून गरिने छ । सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास संस्थागत सुशासनमा जोड दिइने छ । रिचार्ज पोखरी निर्माण, पोखरी चौपारी निर्माणको लागि प्रोत्साहन जस्ता गतिबिधि कार्यान्वयन गरिने छ । वातावरण संरक्षणको क्षेत्रमा उल्लेख्य काम गर्ने ब्यक्ति/संस्थालाइ पुरस्कृत गर्न **"वातावरण संरक्षण कर्मी पुरस्कार"** को नामले कार्यक्रम राखी कार्यान्वयन गरिने छ।

११९.फोहोरमैला बिसर्जनको लागि डम्पीङसाइटको संभाब्यता अध्ययनको कार्य चालु आ.व.मा सम्पन्नको चरणमा रहेको छ । नगरपालिकामा एक डम्पीङसाइट र अन्य वडाहरुमा फोहर संकलन केन्द्रद्वारा फोहर ब्यवस्थापन गर्ने कार्य उचित हुने प्रारम्भिक निचोडकासाथ प्रक्रिया अगाडि बढाउने सोंचको बिकास भएको कुरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । साथै वातावरणमैत्री उर्जा खपतका लागि आम सर्वसाधारण र कृषि उद्यमीलाई प्रोत्साहन गर्न सोलार ड्रायर र बैकल्पिक उर्जाका यस्तै साना प्लान्ट जोड्दा अनुदान दिने नीति लिइने छ।

१२०. विपद् ब्यवस्थापनको लागि नगरपालिकामा एक बिपद् ब्यवस्थापन कोष रहेको र नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ। नगरपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ।

१२१.कोभिड -१९ को महामारी साथै त्यस्तै खालको महामारी र विपद्संग जुध्ने श्रोत साधन एवं स्वास्थ्यकर्मी तथा जनशक्तिको मनोवल बृद्धि गर्न संघीय सरकारले तोकेको मापदण्ड भित्र रही स्वास्थ्यकर्मी तथा जनशक्तिलाइ उचित प्रोत्साहनको ब्यवस्था गरिनेछ।

**न्याय सम्पादन**

१२२. राज्य शक्तिको प्रयोग कार्यपालिका, ब्यवस्थापिका र न्याय पालिका मार्फत स्थानीय तहवाट समेत हुने व्यवस्था अनुरुप न्यायिक समितिलाई सक्षम र क्षमतावान वनाइने छ। कानूनका बिबिध पक्षहरुका बिषयमा जानकारी गराउने उद्देश्यले बिधायन समितिका लागि क्षमता बिकास तालिम कार्यक्रमको आयोजना गर्न आवश्यक बजेटको ब्यवस्था गरिने छ।

१२३.संविधानद्वारा प्रदत्त अधिकारका सूचिमा उल्लेखित विषयवस्तुहरुमा थप कानुन निर्माण गरी उपलव्ध स्रोत साधनलाई मध्यनजर गर्दै कार्यान्वयन गर्ने नीति अख्तियार गरिने छ।

१२४.न्याय सम्पादन तथा मेलमिलापलाई उच्च प्राथमिकतामा राखी प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन र मेलमिलाप कर्तालाई तालिम दिइ न्यायलाई छिटोछरितो बनाउने कार्यमा नगरपालिका अग्रसर रहेको कुरा नगरवासीले अनुभूत गर्ने छन। यसको प्रतिफल स्वरुप न्यून उजुरी संख्या र उच्च फछर्यौटले न्यायीक क्षेत्र सन्तोषजनक रहेको अनुभूत गर्न सकिने छ। यस अन्तर्गत मेलमिलाप कर्ता तालिम र मेलमिलाप कर्ता पारीश्रमिक साथै न्यायिक कार्य सम्पादन अन्तर्गत आवश्यक कार्यक्रम ल्याइने छ।

१२५.आगामी आ.व.२०७९/०८० मा न्यायिक समितिको कामलाई छिटो/छरितो, पंहुच योग्य र सहज बनाईने छ। आ.व. २०७६/०७७ मा प्रत्येक वडा वाट ३/३ जनाका दरले मेलमिलावकर्ताको तालिम सम्पन्न भईसकेको छ। न्यायिक समितिमा पर्न आएका उजुरीहरु अत्यधिक फछर्यौट हुनेगरी न्यायिक समितिको कामलाई अझ प्रभावकारी बनाईने छ। समाजमा व्याप्त

महिला हिंसा लाई रोक्न सामाजिक अभियान सञ्चालन गरिने छ । समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि रोक्न न्यायिक समितिलाई आवश्यक बजेटको ब्यवस्था गरी सरकारी र गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय समेत गरिने छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन,**

१२६.संबिधान बमोजिम स्थानिय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएको र नेपालको सन्दर्भमा नौलो अभ्यास रहेको हुंदा केही समय यस नौलो ब्यवस्थाका अभ्यासहरुको सिकाइमा समय खर्च हुन गएता पनि जनताको घर आगनको सरकार हुनुको नाताले जनताका प्रत्यक्ष सरोकारका विषयमा स्थानीय सरकार नै लागिरहेको छ । सरकारको शासकीय अभ्यासहरुमा हाम्रा अनुभवहरु अझै पनि नौला छन् । तत्कालीन जनप्रतिनिधिका लागि शुरुका दिनहरु नितान्त नौला भएका कारण कमी कमजोरी हुनु स्वाभाविकै हो तापनि सबै पक्षहरुको सद्भाव एवं जनप्रतिनिधिहरु र कर्मचारीहरुको अथक प्रयासवाट नागरिकहरुले स्थानीय सरकारको अनुभूती गर्न सक्ने अवस्था श्रृजना भएको छ ।

१२७.घुम्ती सेवाको अवधारणा बमोजिम जनतामा पुऱ्याइने सेवालाइ एकिकृत रुपमा संचालन गर्ने प्रक्रियाको लागि आवश्यक बजेटको ब्यवस्था गरिने छ । कार्यालयमा डिजिटल नेपाल फ्रेमवर्क २०७६ को प्रभावकारी कार्यान्वनमा जोड दिई कागजि कामलाई कम गर्ने प्रयास हाम्रो रहने छ । त्यस्तै नगर प्रोफाइल निर्माण गर्न बजेटको ब्यवस्था गरिने छ ।

१२८.बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरू अबलम्बन गर्न जरुरी छ । स्थानीय सरकारले संगठन तथा व्यवस्थापन, क्षमता विकास र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभाबकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभाबकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनसम्बन्धी योजनाको प्रारूप तय गरिएको छ । जनप्रतिनिधि कर्मचारी क्षमता बिकास तालिम, शिप बिकास तथा जनचेतना तालिम तथा गोष्ठीको माध्यमवाट मानव बिकास एवं मानव पूंजि निर्माणमा आवश्यक बजेटको ब्यवस्था गरिने छ ।

यस नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

सेवा प्रवाह सहज, विकास उपलब्धिलाई प्रभाबकारी र जवाफदेहीताको अभिवृद्धि गर्ने,

नगरपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. स्थानीय शासन, सेवा प्रबाह एवं कार्य सम्पादन सरल, सजह र पारदर्शी तथा जवाफदेही बनाउनु,

२. स्थानीय सरकारको संगठन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,

३. नगरपालिकाको स्रोत परिचालन सबल तथा राजस्व प्रणाली सुदृढ बनाउनु,

४. नगर विकास योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु ।

१२९. पारदर्शिता र जवाफदेहीता जस्ता सुशासनका मूलभूत पक्षहरुलाई ध्यान दिंदै सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजा मुखी बनाइनेछ । नगरपालिका र अन्तर्गत कार्यालयहरुमा **"मुस्कान सहितको सेवा प्रवाह"** मा उत्कृष्ट दक्षता प्रदर्शन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यलाई आगामी आ.व.२०७९/०८० मा कार्यान्वयन गरिने छ । सार्वजनिक सेवा प्रवाहको मार्गदर्शनको रुपमा नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र कार्यान्वयनमा ल्याई सकिएको छ । सो को प्रभावकारी कार्यान्वयनमा जनचेतना अभिबृद्धि गरिने छ । समयको माग बमोजिम क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा ल्याउन आवश्यक कानूनको तर्जुमा गर्न पहल गरिनेछ ।

१३०.नगरपालिकाबाट गरिने सम्पूर्ण क्रियाकलापहरु जस्तै जनहितकालागि सन्देश, प्रगति विवरण, बुलेटिन, नीति तथा कार्यक्रम, नगर कार्यपालिका, नगरसभाको बैठकबाट गरिने निर्णय, नगरपालिकाद्वारा प्रशारित कार्यक्रमहरु, स्थानीय सामुदायिक रेडियो तथा आम सञ्चारकर्मीहरुसँग समन्वय गर्दै सूचना प्रवाह छिटोछरितो पारदर्शी रुपमा गरिने छ । स्थानीयस्तरमा संचालित सूचना तथा संचारका माध्यम रेडियो, पत्रिका, अनलाईन पत्रिकालाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

१.संविधानद्वारा प्रत्याभूत स्थानिय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न स्थानीय नेतृत्वको विकास गर्न उपयुक्त कार्यक्रमहरु अगाडि बढाईने छ ।

१३१. स्थानीय शासन पद्धतिलाई सुदृढगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थालाई कार्यान्वयनमा जोड दिईने छ । कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी समयमै सामान आपुर्ति र निर्माण कार्य सम्पन्न गर्न बिशेष प्राथमिकता दिईने छ । सार्वजनिक खरिद प्रक्रियामा सुधारको लागि आवश्यक कानून निर्माण गरी सरलीकरण प्रक्रिया अवलम्बन गरिनेछ ।

१३२."**सेवाको वरीपरी जनता होईन, जनताको वरिपरि सेवा"** भन्ने भावना सहित सेवा ग्राहीलाई सम्मान पूर्वक सेवा प्राप्त गर्ने अवसर सिर्जना गरिने छ । जनताको नजिकको सरकारको नाताले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिक मैत्री बनाई सुशासनको प्रत्यक्ष अनुभूति दिलाइने छ । घरदैलोको सरकारको नाताले सेवाग्राहीका गुनासा तथा सुझावहरु सम्बन्धित नजिकको पदाधिकारी समक्ष सोझै पठाउन/पुग्न सक्ने व्यवस्था मिलाइने छ । कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३३.कार्य सम्पादन गर्ने क्रममा हाम्रा मात्र प्रयासहरु अर्याप्त हुन सक्छन । अरु स्थानीय सरकारहरुको अनुभवबाट सिक्न र नगरपालिकामा अवलम्वन गर्न प्रतिनिधि र कर्मचारी सम्मिलित अध्ययन, अवलोकन तथा अनुभव आदान प्रदान भ्रमण कार्यक्रमलाई प्राथमिकता दिइने छ । अन्य स्थानीय तहहरुसंगको सहकार्यमा संयूक्त लगानीमा योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

१३४.आजको युग सूचनाको युग हो । हाम्रा गतिबिधिहरु बारे नागरिकलाई शीघ्रातिशीघ्र सूचना प्रदान गर्न नगरपालिकाको वेवसाइट नियमित अपडेट गरी सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ । नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट, कानून, निर्णय, पुस्तिका प्रकाशन, स्थानीय पत्रपत्रिका, एफ.एम. मार्फत सार्वजनिकीकरण गरिने कार्यलाई प्राथमिकता दिईने छ । कार्यालयका गतिविधिहरु सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण बुलेटिन प्रकाशन र होर्डिङ्ग बोर्ड मार्फत सार्वजनिक गर्दै नागरिकको सूचनाको हकको सम्मान गर्ने कार्यलाई अझ प्रभावकारी बनाईने छ ।

१३५. नगरपालिकाद्वारा निर्मित सम्पूर्ण कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१३६.नगरपालिकामा एक व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने साथै नगरपालिका भित्र रहेका प्रत्येक घरपरिवारको पूर्ण लगत राख्ने कार्य गरिने छ । यसको निम्ति नगर प्रोफाइलको माध्यमवाट कार्यान्वयन हुने ब्यहोरा माथि प्रकरणहरुमा उल्लेख भइ सकेको छ । नगरपालिकाबाट वडा कार्यालय, पदाधिकारी तथा कर्मचारीहरुलाई गरिने पत्राचारमा एस.एम.एस. प्रणालीको अवलम्बनगर्ने कार्यलाई निरन्तरता दिंदै पछिल्लो अत्याधुनिक प्रविधि अवलम्वन गर्ने कार्यलाई विशेष प्राथमिकता दिईने छ ।

१३७. नगरपालिका कार्यालय र वडा कार्यालयबाट प्रदान गरिने सेवा सरल छिटो छरितो र अनुगमनयोग्य वनाउने साथै सूचना प्रविधिको प्रयोगलाई जोड दिंदै मानव संसाधन विकासको निमित्त जनप्रतिनधि कर्मचारिको क्षमता विकास कार्यक्रम गरिने छ ।

१३८. नगरकार्यपालिकाको कार्यालय, वडाकार्यालय, स्वास्थ्य संस्थाहरुका लागि आवश्यक फर्निचर, मेशीनरी औजार लगायत पूर्वाधारको व्यवस्थापन गरी उचित कार्यवातावरणको सिर्जना गरिने छ ।

१३९.नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यलाई आवश्यक अध्ययन गरी उपयूक्त नीति अवलम्वन गरिने छ । वार्षिक विकास कार्यक्रमहरुको छनौट, कार्यान्वयन, अनुगमनमा सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता मूलक योजना पद्धतिको अवलम्बन गरिने छ । विकासका गतिविधिमा नागरिक अपनत्व अभिवृद्धिमा विशेष जोड दिइने छ ।

मालिकोट नगरपालिका, नगरकार्यपालिका, गल्फी

१४०.राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी कार्यसंम्पादनमा प्रभावकारीता ल्याउन अतिरिक्त कार्य गरेवापत खाजाको ब्यवस्था गरी कार्यान्वयन गरिने छ। कर्मचारीको क्षमता बिकास गर्न नगरपालिकाको आफ्नै श्रोतवाट क्षमता बिकास तालिम लगायत अन्य संघ एवं प्रदेश सरकार एवं तालिम केन्द्रहरुवाट आयोजना हुने तालिम कार्यक्रमहरुमा सहभागि गराइने छ।

१४१.प्रदेश सरकारले निर्धारण गरेको कानून बमोजिम जनप्रतिनिधिहरुलाई तोकेको सेवा सुविधाहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

१४२.जनसभागितालाई उत्साह पूर्वक जुटाउन टोलटोलमा निर्माण प्रकृया, सरसफाई, वित्तिय अनुशासन, बातावरण प्रवर्द्धन, बालबालिका, महिला, जेष्ठ नागरिक अपाङ्ग लगायतको पहुँच रहने गरी निर्माणका कार्य गर्ने गराइने छ।

१४३.नगरपालिकाको नीति, कानून, मापदण्ड, निर्णय कार्यान्वयन, सार्वजनिक सम्पति, नगरको सुरक्षा तथा संरक्षण, विपद व्यवस्थापनका लागि नेपालको संविधानको धारा २२६ को अधिनमा रही नगर प्रहरी गठन, संचालन तथा व्यवस्थापन गरिनेछ

१४४.जनतालाई दिने सेवा छिटो छरितो र योजनाबद्ध ढंगले सम्पन्न गर्नका लागि एउटा "योजना कार्यान्वयन तथा खरिद परामर्श समिति"गठन गरिनेछ, जसले गर्दा आगामी आर्थिक वर्षमा जेष्ठ मसान्त भित्र काम सम्पन्न भई आषाढ पहिलो हप्तामा नै भुक्तानी भैसक्ने छ। योजना अनुसार खरिद गर्नुपर्ने सामाग्री, मेसिन, औजार, फर्निचर आदि समयमै थप पारदर्शी ढंगले सम्पन्न हुने छ। सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईने छ।

१४५.सुशासन र संस्थागत विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी आवधिक योजनाले परिलक्षित गरे बमोजिम प्राथमिकताको आधारमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

**अन्त्यमा,**

१४६.गत आ.व. हरुमा कार्यान्वयन भएका योजना र कार्यक्रमहरु सँगसँगै चालु आ.व.को समाप्तिसँगै हाम्रो यस मुसिकोट नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका छन्। हाम्रा विकासका गतिबिधिहरु मध्ये बोलपत्र एवं सिलवन्दी दरभाउ पत्रद्वारा अधिकांश कार्यक्रम अगाडि बढेकोमा बिश्वव्यापी इन्धनको मूल्य बृद्धिका कारण मालसामानको अभावले केही संकटमा परेको भएता पनि राम्रो परिणाम आउने ब्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

१४७. यस्तै समस्या उपभोक्ता समितिद्वारा संचालीत योजनाहरुमा पनि परेकोछ। गौरव गर्न लायक र परिणाम देखिने योजनाहरु कार्यान्वयनको चरणमा रहिरहंदा यस किसिमको समस्या देखिनु दुर्भाग्यको विषय हो। संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवं नगरपालिकाबाट निर्मित कानून वमोजिम सरकार सञ्चालनका महत्वपूर्ण आधारहरु तयार भएका छन। नीति, कार्यक्रम, बजेट एवं योजना तर्जुमा र कार्यान्वयनका हाल सम्मका हाम्रा अभ्यासहरु र निर्मित कानूनहरुको आधारमा समेत आगामी दिनहरु अझ सहजहुने कुरामा विश्वास लिन सकिन्छ।

१४८. समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा वृद्धि हुनेछ।

१४९.संघिय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र संगठनलाई कामयाबी बनाउनको लागि भएका हाम्रा हालसम्मका प्रयासहरु हेर्दा भोलिको दिनको लागि सुखद लक्षण देखिन्छन। गत चार र चालु एक गरी पाचंवटा आर्थिक वर्षहरुमा विगतमा जनप्रतिनिधि विहिन अवस्थामा भन्दा सामाजिक आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ । पारदर्शी संस्कृति अवलम्बन भएको पाएका छौं । स्थानीय जनतालाई निरन्तर सेवा प्रवाह गर्ने जनप्रतिनिधि साथै आम कर्मचारी प्रति आभार व्यक्त गर्न चाहन्छु।

मुसिकोट नगरपालिका वार्षिक कार्यक्रम, रुकुम पश्चिम

१५०.आजको यस घडीमा यो नीति र कार्यक्रम यस सम्मानित सभासमक्ष प्रश्तुत गरि रहंदा भोलीका दिनहरु अझ सुखद हुने स्थितिको परिकल्पना मैले गरेको छु । भोलिका दिनमा सम्पूर्ण पक्षहरुको साथ र सहयोग प्राप्त हुनेछ भन्ने आसा र विश्वास लिएको छु।

१५१. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनवाट मुसिकोटको विकासमा सकारात्मक प्रभावपर्ने र उच्च भौतिक एवं बित्तिय प्रगती हासिल गर्दै **"समृद्ध नेपाल सुखी नेपालीको"** राष्ट्रिय आकाङ्क्षा पुरा गर्न सहयोग पुग्नेछ भन्ने आसा लिएको छ।

समुन्नत र समृद्ध हाम्रो मुसिकोट नगर निर्माणमा सहयोग पुऱ्याउने संघिय सरकार, प्रदेश सरकार एवं रचनात्मक सहयोग पुर्याउनुहुने राजनीतिक दल, निजिक्षेत्र, सहकारीक्षेत्र, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, आम संचार माध्यम एवं विभिन्न तह र तप्काका महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा जहाँ सुकै रहनु बस्नु भएका सम्पूर्ण मुसिकोट वासीहरु आमा, बुबा, दाजु, भाई, दिदी, बहिनी एवं अमूल्य राय सुझाव प्रदान गर्नु हुने अन्य स्थानीय सरकार, स्थानीय प्रशासन र सुरक्षा निकायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु र प्रस्तुत नीति र कार्यक्रमको अनुमोदन र सफल कार्यान्वयनको अपेक्षा राख्दछु ।

उपस्थित सभा सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, पत्रकार बन्धु लगायत उपस्थित महानुभावहरुबाट यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय, सहयोग तथा सक्रिय सहभागिताको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नमस्कार !

धन्यबाद।

जिवलाल खरेल जीवन
नगर प्रमुख
मुसिकोट नगरपालिका
वामीटक्सार, गुल्मी।
मितिः २०७९/०३/१०
रुद्रावती बहुमुखि क्याम्पसको सभाहल।

०००

मुसिकोट नगरपालिका वामीटक्सार, गुल्मी